

## महिला किसान

# चुनौती र अवसर

CLEAN ENERGY NEPAL

खाद्यका लागि कृषि अभियान

GROW
FOOD. LIFE. PLANET.

OXFAM

प्रकाशक
**स्वच्छ ऊर्जा नेपाल**
**खाद्यका लागि कृषि अभियान**
**अक्सफाम**

प्रकाशन मिति : **२०७१ असार ५**


लेखन/सम्पादन : **रघुनाथ लामिछाने/सुधा खड्का**

संयोजन : **राजन थापा**

डिजाइन : बिक्रम चन्द्र मजुमदार

छपाइ : क्रिएटिभ एरा

आवरण : सुर्खेतको साना किचकी किसान कली वली ।
तस्बिर : बुद्धि सुवेदी





महिला किसान

# चुनौती र अवसर

# पुस्तिका किन ?

सन् २०१४ लाई विश्वभर संयुक्त राष्ट्र सङ्घको आह्वानमा पारिवारिक खेती वर्षका रूपमा मनाइँदैछ। नेपालमा भने पुरुषहरू वैदेशिक रोजगारीका लागि बाहिरिने क्रमसँगै खेतीपातीमा महिलाको जिम्मेवारी बढ्दो छ। यस्तो जिम्मेवारीले महिलालाई भइरहेको काममाथि थप बोझ सिर्जना गरेको छ भने सँगै नेतृत्वमा पुऱ्याउने क्रमले अवसर पनि उपलब्ध गराएको छ।


अर्कोतर्फ विश्वभर असर पारिरहेको जलवायु परिवर्तनले पनि कृषि कर्ममा लागेका महिलालाई विभिन्न समस्या सामना गर्न बाध्य पारेको छ। पारिवारिक जिम्मेवारीदेखि यी सबैखाले कामलाई सफलपूर्वक सम्पन्न गर्नुपर्ने दायित्व उनीहरूमै सरेको छ। यसका लागि उनीहरू दिनरात समस्यासँग जुधेर प्रतिकूलतालाई अनुकूलतामा ढाल्ने प्रयास गरिरहेका पनि छन्। तर पनि महिला किसानलाई हौसला दिनेखालका नीति, कार्यक्रम तथा व्यवहार पर्याप्त छैनन्। महिलामैत्री नीति र प्रविधिमाथि पहुँच अभावमा अहिले पनि उनीहरू खास किसानका रूपमा चिनिन सकेका छैनन्। अर्थात् महिला किसानको पहिचान प्राप्त गर्न सकेका छैनन्।

यही अवस्थालाई मध्यनजर राख्दै महिला किसानको वर्तमान अवस्था झल्काउने उद्देश्यले यो प्रकाशन आवश्यक ठानिएको हो। जसले महिला किसानले खाद्य र कृषि क्षेत्रमा पुऱ्याएका अथक योगदानको कदर गर्दै त्यसलाई सम्मान गर्नुपर्ने पक्ष उजागर गरेको छ। उत्पादनका साधनमाथिको स्वामित्व, आफ्नो अनुकूल निर्णय गर्न सक्ने क्षमतासहितको नेतृत्व, कृषि प्रविधिमा पहुँच र बजारसँगको व्यावसायिक सम्बन्धले मात्र महिला किसानको पहिचान स्थापित हुन सक्छ भन्ने यो सानो अध्ययनको निष्कर्ष हो। तसर्थ महिला किसानको योगदान प्रष्ट्याउने यो पुस्तिका तयारीमा संलग्न राकेश मोहन, महेन्द्र महतो, सोमत घिमिरे, सुनिल आचार्य, डा. कृष्ण पौडेल, सुजाता तामाङ र सीता तिवारीलगायत सबैलाई धन्यवाद दिन चाहन्छौं।

प्रकाशक

# महिला किसान
## चुनौती र अवसर

'केही गर्न सकिएन, यही खेतीपाती गऱ्या छ, बस्या छ, यस्तै हो'- के छ हालखबर भनेर सोध्यो भने गाउँमा खेतीपाती गरेर बसेका सबै किसानले दिने उत्तर यही हो। मानौँ, खेतीपाती कुनै काम नै हैन वा अरू कहीँ केही गर्न नसकेपछि गरिने चुत्थो काम हो यो। वर्षेनि श्रम बजारमा लाखौँ मानिस थपिइरहने तर उद्योगधन्दा एकदम कम रहेका र रोजगारीका अन्य विकल्प पनि खासै नभएकाले कृषि चाहेर पनि छाड्न नसकिने पेशाका रूपमा विकसित भइरहेको छ। तर यसरी पछिल्लो समय कृषि पेशालाई हेलाँका दृष्टिले हेरिए पनि नेपालका सन्दर्भमा अन्तिम विकल्पचाहिँ कृषि नै हो। त्यसैले कृषिका बहुआयामिक पक्षबारे अध्ययन गर्दै तिनलाई उजागर गरी विमर्श चलाउनु आवश्यक छ। जसमध्ये महिला किसानको पहिचान स्थापित गर्ने र त्यसलाई आत्मसात गर्ने विषय पनि महत्वपूर्ण छ।




नेपालको जनसङ्ख्यामध्ये ५१.५ प्रतिशत महिला छन्। महिलाको साक्षरता दर मात्र ५७.४ प्रतिशत छ जबकि पुरुषको यही दर ७५.१ प्रतिशत छ। त्यसैगरी निजामती सेवाको उच्च पदहरूमा ७.१ प्रतिशतमात्र महिला छन् भने करिब ९३ हजार सेनामा १.१८ प्रतिशतमात्र महिला छन्। करिब ६० हजार प्रहरीमध्ये ५.६ प्रतिशतमात्र महिला छन् भने यस्तो सङ्ख्या जिल्ला न्यायाधीशमा मात्र १ छ। जबकि यस्ता न्यायाधीश १३५ जना छन्।[1]

१० वर्षअघिको तुलनामा मुख्य कृषक महिलाको सङ्ख्या ११ प्रतिशतले बढेको छ। यसैगरी घर र जमिनमा स्वामित्व हुने महिला १९ प्रतिशत पुगेका छन्। अनि घरमूली महिला भएका घरको सङ्ख्या २५.७ प्रतिशत[2] पुगेको छ। कृषक परिवारमध्ये १९ प्रतिशत मुख्य कृषक महिला छन्। सरकारी र गैरसरकारी तवरबाट भएका विभिन्न प्रयासस्वरूप अन्य क्षेत्र जस्तै कृषि क्षेत्रमा पनि महिलाको सहभागिता र पहुँच क्रमशः वृद्धि हुँदै गएको पछिल्ला तथ्याङ्कले पुष्टि गरेका छन्।

१ आँटको सगरमाथा, महिला आवाज परियोजना, अक्सफाम, २०६९
२ राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग

कृषि विकास तथा सहकारी मन्त्रालयले महिला कृषक महाशाखा नै गठन गरेर धेरैअघि महिला किसानको हितका लागि काम सुरु गरेको थियो । त्यसैगरी सरकारले महिलाका नाममा जग्गा पास गरेमा राजस्वमा निश्चित प्रतिशत छुट दिने कार्यक्रम जारी गरेर तथा मात्र १०० रुपियाँ तिरेमा श्रीमान्‌को नाममा भएको जग्गामा श्रीमतीसमेतको हक कायम हुने नीति ल्याएर यो क्षेत्रमा महिला सहभागिता वृद्धि हुने वातावरण तयार गर्दै आएको छ। यी सबैका कारण कृषि तथा भूमिमा महिलाको स्वामित्व वृद्धि हुने वातावरण बन्दै गएको छ भने नेतृत्व र सशक्तीकरण तथा जोखिम सामना गर्ने क्षमता अभिवृद्धि हुन पुगेको छ। त्यसैगरी निर्णायक तहमा सहभागिता वृद्धि हुने तथा कृषि प्रविधिमा पहुँच बढ्ने क्रम पनि देखिएको छ ।

## मन लागे पनि ऋण लिन पाइएन

श्रीमान् कमाउन भारत गएका छन् । वर्षको एक पटक जस्तो आउँछन् । बाख्रा ७ वटा पालेकी छु । ५ र ३ वर्षका दुई छोरा छन् । ३ कठ्ठा जति जमिन छ । यसमा आफैँ खेती गर्छु । आफैँ सबै काम गर्छु । गोरु पनि जोत्छु । यसबाहेक सानो पसल पनि छ । के गर्नु, आखिर गुजारा त चलाउनै पर्‍यो । जग्गा कतै राखेर ऋण लिएर पसल ठूलो बनाउने सोच छ तर के गर्नु आफ्नो नाममा छैन । श्रीमान् नै आउनुपर्छ भन्छन् । हेरौँ, श्रीमान् आएपछि यसै गर्नुपर्ला ।

**चित्रमाया बुढा**
लेखफर्सा-९, सुर्खेत

## विगतको आरोह/अवरोह

खासगरी २००७ सालपछिका केही वर्ष राजनीतिक अस्थिरतामै बिते। यतिबेला कृषि क्षेत्र र त्यसमा पनि महिला किसान केन्द्रित कार्यक्रममा पहल हुने कुरै भएन। तर पनि २०१७ को अवधिसम्म १० वटा कृषि फार्म, ४ वटा नर्सरी, एउटा माटो परीक्षण, एउटा बिरुवा संरक्षण केन्द्र खोलियो । त्यसैगरी ४ वटा पशु विकास केन्द्र, १२ वटा दुग्ध उद्योग, ७ वटा मत्स्यपालन केन्द्र र एउटा कृषि तालिमका लागि कृषि स्कुल खुल्यो ।[३] यसै अवस्थालाई यो अवधिमा भएको कृषि विकासका रूपमा चित्त बुझाउनुपर्ने अवस्था छ। त्यसैले यस्तो विकासमा महिला किसानको स्थान खोजिनुको कुनै अर्थ नै रहेन ।

नेपालमा योजनाबद्ध आर्थिक विकासको सुरुवात् २०१३ सालमा भयो। तर यस्ता योजनाका

३ पञ्चायत स्मारिका, दलबिहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव, २०४३

## एडिएसले जेन्डर प्रस्पेक्टिभबाट हेरेको छ

कृषि विकास रणनीति (एडिएस) ले जेन्डर प्रस्पेक्टिभबाट पर्याप्त हेरेको छ। युएन विमेन आफैँ संलग्न भएकाले पनि यो रणनीति बनाइँदा नै महिला किसानको सहभागिता सुनिश्चित गर्नेदेखि उनीहरूलाई सक्षम तुल्याउने पार्टसम्म धेरै कुरामा ध्यान दिएको छ। ठ्याक्कै महिला किसान नै भन्ने शब्द नहोला तर उनीहरूका पक्षमा यो रणनीतिले धेरै बोलेको छ।

**महेन्द्रनाथ पौडेल**

एडिएस तयारीमा संलग्न सदस्य

ठेलीमा 'महिला किसान' शब्द समावेश भएको हेर्न भने मुलुकले छैटौं योजनासम्म कुर्नुपऱ्यो। यो योजनामा आएर बल्ल 'थप कृषि कार्यक्रम गरी महिला कृषकको सहभागिता बढाउने' भन्ने उल्लेख छ। त्यसपछि सातौँ योजनामा 'महिलाहरूको सर्वाङ्गीण विकासका लागि उनीहरूको सिप र क्षमताको उपयोग गरी उनीहरूलाई सक्षम तथा उत्पादनशील नागरिकका रूपमा विकास गर्ने' जनाइएको छ।

आर्थिक वर्ष २०४९/०५० मा कृषि तथा सहकारी मन्त्रालयले बल्ल महिला किसानबारे चासो देखायो। यही क्रममा उसले 'महिला कृषक विकास महाशाखा' गठन गऱ्यो। कृषि नीति तथा कार्यक्रमहरू लैङ्गिक अवधारणाअनुरूप तर्जुमा गराउने तथा यस्ता कार्यक्रमको मूल प्रवाहमा महिला कृषकलाई समेट्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने उद्देश्य यस महाशाखाको थियो। त्यसैले पहिलो पटक महिला किसानलाई प्राथमिकतामा राखिएकाले यो महाशाखा गठन नेपाली महिला किसानका लागि कोसेढुङ्गा सावित हुन पुगेको छ।

यसले सुरुमा विभिन्न बाली एवम् पशुजन्य उत्पादनमा महिला कृषकको संलग्नता, उत्पादन सामग्रीहरूमा उनीहरूको पहुँच जस्ता विषयमा अध्ययनसमेत गऱ्यो। यसै अध्ययनका आधारमा महिला कृषक विकास कार्यक्रमको पाँचवर्षे कार्ययोजनासमेत तयार भयो।[४] जसलाई कार्यान्वयन गर्न आठौं पञ्चवर्षीय योजनाले नीतिगत व्यवस्थासमेत गऱ्यो। जसअनुसार मन्त्रालयअन्तर्गतका केन्द्रीय स्तर एवम् जिल्लास्तरीय निकायहरूबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरूमा महिला सहभागिता वृद्धि गर्ने व्यवस्था मिलाइयो।

अनि यसैको निरन्तरतास्वरूप नवौं योजनाले कुनै पनि कृषि विकासका कार्यक्रमहरूमा कम्तिमा ३५ प्रतिशत महिला कृषकको सहभागिता हुनैपर्ने मापदण्ड तोकेको छ। लैङ्गिक अवधारणा विषयक गोष्ठी, विभिन्न तालिम आदिमा तोकिएको यस्तो प्रतिशतले महिला किसानको अनिवार्य

४ महिला कृषक विकास कार्यक्रमको प्रगति, महिला कृषक विकास महाशाखा, कृषि तथा सहकारी मन्त्रालय, २०५८


अस्तित्व स्वीकार गरिनु राम्रो पक्ष हो, भलै ८९ प्रतिशत महिला कृषि क्षेत्रमा लागेका हिसावले हेर्दा यो उचित प्रतिशत भने थिएन ।

यसरी विस्तार बामे सर्दै गरेको 'महिला किसानको यात्रा' त्यतिबेला अलमलमा पऱ्यो जतिबेला कृषि तथा सहकारी मन्त्रालयले २०६१ सालमा महिला कृषक विकास महाशाखालाई 'लैङ्गिक समता तथा वातावरण महाशाखा' मा रूपान्तरण गऱ्यो । विभिन्न पक्षलाई लैङ्गिक हिसावले समेत हेर्नुपर्ने र वातावरणको जिम्मेवारीसमेत थपिएपछि यो महाशाखा महिला किसानमा मात्र सीमित रहने अवस्था रहेन । यस्तो अवस्थामा महिला किसानको पक्षमा हुँदै गरेका काम स्वतः कमजोर हुने नै भए ।

यो महाशाखा पनि एक दशक टिकेन । २०७० सालमा आएर यसको नाम फेरि बदलियो- खाद्य सुरक्षा तथा वातावरण महाशाखा । अब त महाशाखाको नामैबाट महिला, लैङ्गिक जस्ता शब्दसमेत झिकिए । अनि लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा भनेर महिला किसानसमेत हेर्ने शाखाका रूपमा यो विषयलाई 'डिमोसन' गरियो ।

यसरी हेर्दा २०४९ सालमा गठित महिला कृषक विकास महाशाखा कहिले लैङ्गिक, कहिले खाद्य सुरक्षाको प्रवाहमा मिसिँदै क्रमशः पुड्किँदै गएर हाल एउटा शाखामा सीमित हुन पुगेको छ । त्यो पनि 'महिला किसान' शब्दबिना नै । राज्यले महिला किसानलाई हेर्ने दृष्टिकोण थाहा पाउन महाशाखाको यही ओरालो यात्राको अवस्था काफी छ ।

## वर्तमान अवस्था




नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ पुगेको छ । जसमा महिला १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ छन् । अर्थात् महिला पुरुषभन्दा ३ प्रतिशत बढी छन् । त्यसैगरी ५४ लाख २३ हजार २ सय ९७ परिवार छन् ।[५] यीमध्ये ३८ लाख ३१ हजार परिवार कृषक छन् । ८३ प्रतिशत कृषकको मुख्य आयको स्रोत नै कृषि हो ।[६]

५ राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग

६ राष्ट्रिय कृषि गणना २०६८ को सङ्क्षिप्त नतिजा


## कुहिने भो कोदो र चिनु

मङ्सिरदेखि परेको हिउँ फागुनमा रोकिन्थ्यो, त्यसपछि अन्न उब्जन्थ्यो । यसपाला भने पोहोरजस्तै चैतमा पनि हिउँ पर्‍यो, वैशाख लागेपछि पानी परिरहेको छ जबकि पहिले पहिले यस्तो हुँदैनथ्यो । यही कारण अहिले दाना पसाउनुपर्ने उवा, जौ चाउरिएको छ भने कोदो पनि माटोभित्रै कुहिन लागिसक्यो । पोहोर ४ दिन परको तिब्बतको ताक्लाकोटबाट मैदा खेपेर बाँचियो । अहिले पनि त्यही पारा दोहोरिने चिन्ताले सताएको छ ।

**छिरिङ लामा (२६)**
वरगाउँ, हुम्ला

जम्मा कृषक परिवारमध्ये १९ प्रतिशत मुख्य कृषक महिला छन् । १० वर्षअघिको तुलनामा नेपालमा ४ लाख ६७ हजार कृषक परिवार बढेका छन् । यसरी हेर्दा महिला किसान पनि स्वतः बढ्ने नै भए । अर्कोतर्फ कृषक परिवारसँग रहेको जग्गा भने घटेको छ । जस्तो अहिले कृषक परिवारसँग २५ लाख २५ हजार हेक्टर छ जुन १० वर्षअघिको तुलनामा १ लाख २९ हजार हेक्टरले कमी हो ।[७] यसले देखाउँछ कि महिला किसानको सङ्ख्या वृद्धि भए पनि उनीहरूले खेती गर्ने जमिन भने घट्दो छ ।

अहिले कुल भूक्षेत्रको २३ प्रतिशतमा खेती गरिएको छ । कुल क्षेत्रफलको ७३ प्रतिशत राज्यको स्वामित्वमा छ । जसमा वन, चरन, नदीनाला, तटीय क्षेत्रसमेत पर्छ । त्यसैगरी सहरी क्षेत्रमा जम्मा ३ प्रतिशत जमिन छ भने बाँकी ग्रामीण क्षेत्रमा छ ।[८] तर पनि निजी र सरकारी स्वामित्वमा रहेका जग्गा, खेती गरिएको भूभाग तथा वन जस्ता तथ्याङ्क सरकारी अड्डाबीच नै पनि फरक पाइन्छ । यसरी पाइने तथ्याङ्कमा पनि महिला किसानका दृष्टिकोणबाट भने खासै हेरिएको पाइन्न ।




कृषि तथा सहकारी मन्त्रालयकै २०११ को तथ्याङ्कअनुसार कम्पोस्ट मल हाल्नेमा ९६ प्रतिशत महिला सहभागी हुन्छन् भने सिँचाइमा उनीहरूको भूमिका ५० प्रतिशत हुन्छ । त्यसैगरी गोडमेलमा महिला किसानको भूमिका ७० प्रतिशत हुन्छ भने बाली भित्र्याउनेमा ६३ प्रतिशत हुन्छ । तर महिला आफैँले

७ राष्ट्रिय कृषि गणना २०६८ को सङ्क्षिप्त नतिजा


८ नेपालमा भुमि सुधार, सुरुवात र गन्तव्य, भुमि सुधारको यथार्थता र भावी सम्भावनाबारे डिएफआइडी नेपालका लागि गरिएको अध्ययन, मार्च २०११

आर्जन गरेको आम्दानीमा पनि सबैको अधिकार नहुने गरेको अर्को तथ्याङ्क छ। विवाहित महिला कामदारमध्ये ५३ प्रतिशतले मात्र आफूले कमाएको पैसा आफूखुसी खर्च गर्ने निर्णय गर्छन्।[९] आइफाडका अनुसार कृषि श्रममा ६० प्रतिशतभन्दा बढी महिला संलग्न छन् तर उत्पादन प्रविधि र तालिममा भने उनीहरूको पहुँच न्युन छ।[१०]

एकातिर महिला किसानका हित गर्ने नीति र कार्यक्रम नै कम छन्। अर्कोतर्फ भएकै नीति पनि कार्यान्वयन नहुने रोगले पनि उनीहरू सताइएका छन्। नवौं पञ्चवर्षीय योजनाले कृषिसम्बन्धी सबै कार्यक्रममा महिला सहभागिता कम्तिमा ३५ प्रतिशत हुनैपर्ने तोकेको छ। तर २२ जिल्लामा गरिएको एक अध्ययनअनुसार ३४२१ समूहमध्ये महिला समूह १७ प्रतिशतमात्र पाइयो। त्यसैगरी त्यस्ता समूहमा ५१२८३ सदस्य रहेकामा महिलाको सङ्ख्या १७ प्रतिशतमात्र थियो।[११] त्यसैगरी सरकारले भूमिमा महिलाको स्वामित्व बढाउन संयुक्त पुर्जाको अवधारणा त ल्याएको छ तर त्यसलाई प्रभावकारी कार्यान्वयनमा लैजाने संयन्त्र भने छैन। यसरी हेर्दा भएकै नीति पनि कार्यान्वयन नभएको अवस्थामा थप नीति र कार्यक्रमको वकालत जरुरी छ कि छैन भन्ने प्रश्न यो अवस्थाले खडा गरेको छ।

## वैदेशिक रोजगारीको प्रभाव

रोजगारीका लागि विदेश जानु नेपालीहरूको पुरानै चलन र बाध्यता हो। खासगरी विशाल छिमेकी मुलुक भारतमा लाखौं नेपाली रोजगारीका लागि जाने गर्छन्। उत्तरी भारतको पर्वतीय इलाकामा धेरै नेपाली जाने गरे तापनि सबैजसो भारतीय सहरमा नेपाली कामदार देखिन्छन्। अन्य मुलुकमा जानेको तथ्याङ्क पाइए पनि खुला सिमाना भएकाले यसरी भारतमा काम गर्न जानेको एकिन तथ्याङ्क भने कसैसँग पनि छैन।




भारतबाहेकका मुलुकमा आर्थिक वर्ष २०५०/०५१ देखि जानेको सङ्ख्या २०७० असार मसान्तसम्म ३१ लाख ८२ हजार २ सय २ पुगेको छ। जसमध्ये यसरी विदेशिने महिलाको सङ्ख्या १ लाख १ हजार ८ सय २८ छ। त्यसैगरी २०७० पुसमा मात्र ८१ हजार १ सय १ जना विदेश गए जसमा महिला २ हजार

९ Nepal demographic Health survey, 2011

१० Enabling poor rural people to overcome poverty in Nepal. IFAD, July 2013

११ आधार रेखा अध्ययन, कृषि अनुसन्धान तथा प्रसार आयोजना

३ सय ४८ थिए। यसरी नै यही माघमा विदेशिएका ७७ हजार ९ सय ८९ जनामध्ये महिला २ हजार ७ सय ६४ जना थिए।[१२] यसरी जानेमा महिला पनि देखिएका छन् तर यो पुरुषको तुलनामा निकै कम छ। ५२ वर्षअघि वा सन् १९६१ मै त्यतिबेलाको जनसङ्ख्याको ३.५ प्रतिशत अर्थात् ३ लाख २८ हजार ४ सय ७० जना नेपाली विदेशिएका तथ्यले[१३] पनि नेपाली गाउँहरूमा पुरुष उपस्थिति पातलिँदै गएको पुष्टि हुन्छ। यसको मतलव हो- पुरुषले गर्ने सबै काम महिलाको थाप्लोमा सरेको छ।

## कृषि कार्यमा नारीकरण

हुन त नेपाली समाज कृषि प्रधान भएकाले महिला पुरुष दुवै मिलेर खेतीपातीको काम चल्दै आएको छ। त्यसमा पनि पुरुषहरू जागिर, व्यापार वा नगदको खोजीमा लाग्ने भएकाले कृषि कर्ममा महिलाकै सहभागिता बढी हुने गरेको थियो र अहिले पनि छ। कृषि तथा सहकारी मन्त्रालयकै तथ्याङ्कले पनि यो पुष्टि गर्छ जसअनुसार सन् २०१० मा ७२.८ प्रतिशत महिला कृषि कार्यमा संलग्न थिए जबकि यसरी संलग्न हुने पुरुषको प्रतिशत ६०.२ मात्र थियो। नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ ले पनि ३२ प्रतिशत पुरुष गैरकृषि काममा लागेका उल्लेख गरेको छ। जबकि यस्ता महिलाचाहिँ ११ प्रतिशतमात्र छन्। यस्तो अवस्थामा नेपालको कृषि कार्यमा महिलाको सहभागिता जबर्जस्तरूपमा वृद्धि हुँदै गएको प्रष्टिन्छ।

उसै त कृषि क्षेत्रको बोझ यसरी महिलाको काँधमा थपिइरहेका बेला पुरुषहरू विदेशिने क्रमसँगै उनीहरू थप बोझ झेल्न बाध्य छन्। बालबच्चा स्याहार गर्ने, गाईवस्तु पाल्ने, ढिकी जाँतो गर्ने जस्ता कार्यमा ब्यस्त महिला अहिले कृषिको सम्पूर्ण भार धानेर बस्नुपर्ने अवस्थामा पुगेका छन्। त्यसैले अहिले कृषि क्षेत्रमा तीव्र नारीकरण भइरहेको छ।

हुन त पहिले पनि कृषि क्षेत्रमा महिलाको योगदान कम थिएन तर कृषिका कार्य पनि लैङ्गिक आधारमा विभाजित थिए। निफन्ने, सुकाउने, रोप्ने, काट्ने, थन्काउने जस्ता काम महिलाको भागमा पारिएका थिए भने जोत्ने, खन्ने, चुट्ने जस्ता काम पुरुषले गर्दै आएका थिए। सजिलो र अप्ठेरो कामका नाममा महिलालाई दिइने ज्यालासमेत कम हुने गर्थ्यो। अनि यही आधारमा कृषि कार्यमा पनि महिलाका लागि छुट्ट्याइएको कामलाई नजरअन्दाज गरिन्थ्यो। जसलाई सहज तुल्याउने प्रयाससमेत हुन सकेको छैन।

जे होस्, कम आँकिए पनि यस्तो बेलामा सबै काम पुरुष र महिला मिलेर गरेका थिए।

१२ वैदेशिक रोजगार विभागको वेबसाइट, श्रम तथा रोजगार मन्त्रालय

१३ टोनी हागन, नेपालको चिनारी, हिमाल किताव, २०५८

अहिले भने महिला तथा पुरुष दुवैका लागि छुट्ट्याइएको काम पुरुषको अनुपस्थितिमा महिला एक्लैले गर्नुपरेको छ। गोरु जोत्ने, दाइँ गर्ने, चुट्ने, खन्ने जस्ता गाह्रो ठानिएका काम पनि महिलाले नै धान्नुपर्ने स्थिति छ। एकातिर आफूलाई छुट्याइएको वा आफूले गर्दै आएको काम यथावत् थियो भने अर्कोतिर पुरुषले गर्दै आएको कामसमेत थपिँदा महिला थप प्रताडित हुन पुगेका छन् ।

हुन त झट्ट हेर्दा पुरुषहरू 'कमाउन' गएकाले घरपरिवारलाई कृषिमै श्रम गर्ने बाध्यता आइ नलाग्नुपर्ने हो। तर वास्तविकता भने फरक छ। एक त यसरी कमाउन जानेहरू घरायसी वा कृषिको भरथेग पर्याप्त नभएकै कारण 'कालापहाड' लागेका हुन। दोस्रो, विशेदिनेमध्ये अधिकांश भारत गएका छन् । खाद्यान्न अभाव झेलिरहेका बासिन्दा यसरी भारत जानेमा बढी पर्छन् । जहाँ न नेपालीले राम्रो काम पाउँछन् न त त्यहाँ मजदूरी गरिएको रकमबाट परिवारको गुजारा नै चल्छ।

## कृषि नीति बनाउँदा महिलामै फोकस गरेका छौं

अहिले कृषक भन्दासाथै ठूलो सङ्ख्या महिलाकै छ। त्यसैले कृषि नीति बनाउने भनेकै महिला किसानलाई केन्द्रमा राखेर बनाउने हो। मन्त्रालयले बनाउने नीतिहरूमा खासगरी महिला किसानलाई इम्पावर गर्ने, उनीहरूलाई निर्णय तहमा पुऱ्याउने सिस्टम बनाउने र नीतिगत तहमा पनि महिला किसानकै दृष्टिले हेर्ने गरिएको छ। गर्नुपर्ने पनि यही हो। तर यसो गर्दा महिलामाथि थप बोझ नपरोस् भन्नेतर्फ पनि उत्तिकै ध्यान दिने गरिएको छ।

**राजेन्द्र अधिकारी**
सहसचिव
नीति तथा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखा, कृषि तथा सहकारी मन्त्रालय

त्यसपछि वैदेशिक रोजगार विभागका अनुसार धेरै नेपाली जाने देशमध्ये क्रमशः मलेसिया, कतार, साउदी अरेबिया, युएइ र कुवेत हुन। कतार र मलेसियामा नेपालीले अपवादबाहेक उचित र क्षमताअनुसारको काम पाउँदैनन्। दाम पनि त्यहीअनुसारको हुने भएकाले त्यहाँ जानेले धेरै पैसा पठाउने सम्भावना हुँदैन।[१४] यही कारण श्रीमान्, छोरा आदि वैदेशिक रोजगारीका लागि गएको भनिए पनि यता परिवार (खासगरी महिला) ले भने कृषि कार्य गर्नैपर्छ। नत्र मुखमा माडै नलाग्ने अवस्था अधिकांशको छ।

विदेशिएका पुरुषले पठाउने विप्रेषणको ठूलो हिस्सा खानकै लागि खर्च हुने गरेको छ भने त्यसपछि शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा यस्तो रकम खर्च हुने गरेको छ। केन्द्रीय तथ्याङ्क विभागले

१४ An Overview Paper On Overseas Employment in Nepal - ILO, 2004

निकालेको नेपाल लिभिङ स्ट्यान्डर्ड सर्भे २०१०/११ अनुसार पुँजी निर्माण हुनेखालको कार्यमा यस्तो विप्रेषणको २ प्रतिशतमात्र खर्च हुने गरेको छ। यसले देखाउँछ कि मुलुकको समग्र आर्थिक कारोबारमा विप्रेषणको हिस्सा ठूलो भए पनि कृषि र उत्पादनमा खासै छैन।

वास्तविकता यस्तो छ तर सरकार तथा गैरसरकारी क्षेत्रबाट बन्ने नीति, योजना तथा कार्यक्रम भने सबै पुरुषमुखी छन्। अर्थात् कृषि कार्यमा महिला पनि संलग्न हुन सक्छन् भन्ने दृष्टिकोणबाट ती नीति/कार्यक्रम तयार भएकै छैनन्। अर्कोतर्फ कृषि कार्यमा भने पुरुष विस्तार पलायन हुने र त्यसको सम्पूर्ण जिम्मेवारीचाहिँ महिलाले धानिदिनुपर्ने अवस्था क्रमशः वृद्धि हुँदै गएको छ। यस्तो अवस्थामा महिला किसानले यो क्षेत्रलाई सहज ठान्न सक्ने अवस्था छैन।

अर्कोतर्फ कृषि प्रविधिसमेत महिलामैत्री छैन। हुन त ट्रेक्टर जस्ता मेसिनले खन्ने/जोत्ने कार्यलाई सहज तुल्याएको छ तर न यो उकालो ओरालोमा जान सक्छ न त यसलाई महिलाले चलाउन सक्नेगरी नै बनाइएको छ। ओरेकले तीन जिल्लाका किसानबीच गरेको एक सर्वेक्षणले पनि यसलाई पुष्टि गर्छ- जसअनुसार अहिले पनि ९६.६ प्रतिशत किसानले मुख्य कृषि औजारका रूपमा हलो नै प्रयोग गर्छन् जबकि ९३.२३ प्रतिशत किसानले यो औजार महिलामैत्री छैन भनेका छन्। त्यसैगरी ७८.९ प्रतिशतले ट्रेक्टर पनि महिलामैत्री नभएको उत्तर दिएका छन्।[१५] सरकारले भने आर्थिक वर्ष २०७०/७१ मा पावर टिलर किन्न कृषकलाई अनुदान दिने उल्लेख गऱ्यो तर यस्तो नीति महिला किसानका लागि भने 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' सावित हुन्छ।

## स्वामित्वको प्रश्न

महिलाको स्वामित्वमा घर र जग्गा वा जग्गामात्र भएका परिवारको प्रतिशत १९ पुगेको छ जबकि यो अघिल्लो १० वर्षमा १०.८४ थियो। यस्तो प्रतिशत गाउँमा भन्दा सहरी क्षेत्रमा बढी देखिएको छ। १० वर्षअघि गाउँ क्षेत्रमा यस्तो प्रतिशत १० थियो भने सहरी क्षेत्रमा १५.२ प्रतिशत थियो। अहिले ग्रामीण क्षेत्रमा घर र जग्गा वा जग्गामा मात्र स्वामित्व हुने महिलाको प्रतिशत १८ पुगेको छ भने सहरमा २६.८ प्रतिशत पुगेको छ। यसरी हेर्दा घर र जग्गामा स्वामित्व हुने महिला दुवै क्षेत्रमा बढेका छन् तर बढ्ने दरचाहिँ सहरी क्षेत्रमा तीव्र छ।

खासगरी जमिनमा महिलाको स्वामित्व चार प्रकारले वृद्धि भइरहेको छ :

- महिला र पुरुष समान हुन, त्यसैले महिलाको नाममा पनि स्वामित्व हुनुपर्छ भन्ने चेतनाका कारण

१५ Indentification of Agricultural tools from Gender's Perspective, WOREC Nepal 2014

- महिलाको नाममा जमिन पास गरेमा पास खर्चमा निश्चित प्रतिशत छुट दिने सरकारी नियमका कारण
- पैतृक सम्पत्ति श्रीमान्‌को मृत्युपछि छोराहरूलाई अंशबन्डा गर्दा पहिले आमाका नाममा ल्याउनुपर्ने व्यवस्थाका कारण
- हदबन्दीभन्दा बढीको जमिन लुकाउने उद्देश्यले घरका सबै परिवारका नाममा पास गर्दा स्वतः महिलाको नाममा पनि पर्ने भएकाले

पछिल्लो समय संयुक्त पुर्जाको व्यवस्थाले पनि जग्गामा महिलाको स्वामित्व बढाउन मद्दत गरेको छ। सरकारले पतिको नाममा रहेको घर जग्गामा पत्नीसमेतको सगोलनामा गराई संयुक्त पुर्जा बनाउन सय रुपियाँ भए पुग्ने व्यवस्था गरेको छ। आर्थिक वर्ष २०६८/०६९ को नीति तथा कार्यक्रममार्फत् भएको यो व्यवस्थाबाट लाभान्वित हुनेमा महिला किसान कति छन् भन्ने एकिन तथ्याङ्कचाहिँ भेट्न सकिन्न।

## जोत्न नसके पनि हल गोरु पालेकी छु

म भर्खर २२ वर्षकी भएँ। श्रीमान् नरेन्द्र पनि त्यस्तै २४ भन्दा बढी छैनन्। उनी मेरो बिहेअघिदेखि नै भारतमा काम गर्न जाने गरेका रहेछन्। कहिले त डेढ वर्षमा पनि आउँदैनन्। घरमा ३ वर्षको छोरो छ। बसाइँ सरेर आएकाले धेरै जग्गा त छैन तर पनि बाँझै राख्न भएन। त्यसैले बच्चा र खेती स्याहार्छु। ७ वटा बाख्रा छ। एक हल गोरु पनि पालेकी छु। आफ्नै गोरु भए पनि जोत्नचाहिँ सक्दिनँ। साह्रै दुःख दिन्छ गोरुले। आफ्नै गोरु दिँदा पनि जोत्नेलाई ३ सय दिनुपर्छ। गोरुसहित आउनेले त ६ सय लिन्छन्। यसैगरी चलेको छ जिन्दगी मेरो त।

**दुर्गा विक**
डाडाँपराजुल-९, दैलेख

खासगरी गाउँघरमा मुख्य सम्पत्तिका रूपमा रहेको जग्गामा श्रीमती र श्रीमान् दुवैको स्वामित्व भएपछि त्यसलाई एक जनाले मात्र बेचबिखन गर्न नपाउने हुन्छ। यस्तो अवस्थामा दुवैको सहमति चाहिने भएकाले जग्गा श्रीमान्‌ले मात्रै आफूखुसी बेचिदिने अवस्था अन्त्य भएको छ। अर्कोतिर श्रीमतीलाई दुर्व्यवहार गर्दा वा हिंसा गर्दा जग्गा नै गुमाउनुपर्ने अवस्थाले श्रीमतीको अस्तित्व पनि स्वीकार गर्ने बन्दोबस्त मिल्न सकेको छ। त्यसैले महिला किसानका लागि संयुक्त पुर्जाको व्यवस्था बाँच्ने र पहिचान प्राप्त गर्ने मुख्य आधार बन्दै गएको छ।

यसलाई अहिले अभियानकै रूपमा भूमि अधिकारका क्षेत्रमा काम गर्ने तथा विभिन्न महिला अधिकारवादी संस्थाहरूले अघि बढाइरहेका छन् तर सरकारीतवरबाट भने यसको कार्यान्वयनका लागि आवश्यक संयन्त्र तयार पार्ने काम भएको छैन। जसका कारण यसबाट हुनुपर्ने जति प्रतिफल प्राप्त हुन सकेको छैन। संयुक्त पुर्जाको व्यवस्थालाई 'प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धिका लागि सङ्घर्ष गर्ने' माध्यम बनाइनु उचित हुन्छ।

जसरी र जुन हिसावले भए पनि महिलाको नाममा घर र जग्गाको स्वामित्व बढ्नु खुसीकै कुरा हो तर यसरी स्वामित्व बढ्दा त्यसमा दुई वटा विषयमा ध्यान दिनुपर्छ। पहिलो, यस्तो स्वामित्व बढेको जमिन कृषि जमिन हो कि होइन वा महिला किसानको नाममा आएको हो कि होइन ? दोस्रो, यसरी स्वामित्वमा आएको जमिनको नियन्त्रण र उपभोगको अधिकार स्वामित्वकर्ता महिलामा छ कि छैन ? समीक्षा गर्ने बेला आएको छ।

एउटा उदाहरण हेरौं- काठमाडौँमा तुलनात्मकरूपले खेती हुने जग्गा कम छ। त्यसमा पनि डिल्लीबजार मालपोत कार्यालयअन्तर्गत धेरै सहरी क्षेत्र पर्छन्, त्यसैले यहाँका जग्गा नेपालमै महँगामध्ये पर्छन्। यो मालपोत कार्यालयअन्तर्गत २०७० माघमा २ हजार २८ वटा लिखत पास भयो जसमा ७ सय ३३ महिलाको नाममा भयो। उता मोरङस्थित मालपोत कार्यालयबाट २०७० फागुनमा लिखत पास भएका ३ हजार २ सय ९० मध्ये महिलाका नाममा १ हजार ३ सय ४९ वटा थिए। यसैगरी बारामा फागुनमा पास भएका २ हजार ३ सय ६३ लिखतमध्ये ४ सय ९५ महिलाका नाममा थिए। र, दोलखामा फागुनमा पास भएका ४९९ लिखतमध्ये १ सय ६० वटा महिलाका नाममा थिए।[१६]

यसले के देखाउँछ भने महिलाको नाममा जग्गाको स्वामित्व वृद्धि भए पनि महिला किसानको स्वामित्व भने खासै वृद्धि हुन सकेको छैन। किनकि काठमाडौंको डिल्लीबजार मालपोत कार्यालयअन्तर्गत भएका लिखत पासमा जति महिलाको स्वामित्व देखिएको छ दोलखामा त्यो निकै कम छ। साँच्चै महिला किसानको नाममा जग्गाको स्वामित्व वृद्धि भएको भए यस्तो सङ्ख्या दोलखामा बढी हुनुपर्थ्यो। किनकि दोलखा नेपालमा सबैभन्दा बढी आलु खेती हुने जिल्लामा पर्छ।[१७]

यसैगरी मोरङमा लिखत पास भएका जग्गामध्ये जति महिलाको स्वामित्वमा गरिएको छ त्यो पनि सन्तोषजनक छैन। किनकि मोरङ नेपालकै सबैभन्दा बढी कृषियोग्य भूमि भएको जिल्ला हो। अर्कोतर्फ बारामा महिलाको नाममा भएको लिखत पासले पनि महिला किसानलाई उत्साहित बनाउँदैन। नेपालमै सबैभन्दा बढी सिँचाइ सुविधा भएको यो जिल्ला (नेपालभर ५३ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा छ तर बाराको भने ९२ प्रतिशत कृषि भूमिमा यो सुविधा पुगेको छ) मा जति धेरै जमिनको स्वामित्व महिलामा जान्छ, उति नै महिला किसानको पक्षमा माहोल बन्दै गएको पुष्टि हुन्थ्यो तर तथ्याङ्कहरू यसो भन्न तयार देखिन्नन्।

सरकारले २०६६/०६७ को बजेट वक्तव्यमार्फत् महिलाको नाममा जग्गा पास गर्दा तिर्नुपर्ने राजस्वमा छुट दिने व्यवस्था गरेको थियो। यस्तो छुट सहरमा २५, गाउँमा ३० र हिमाली क्षेत्रमा ४० प्रतिशतसम्म छ। त्यसैले यसको फाइदा उठाउँदै गरिएका लिखत पासकै आधारमा सबै महिला किसान नै लाभान्वित भएका मान्न सकिन्न। अर्कोतर्फ यस्तो व्यवस्था हरेक वर्ष बजेटमा

१६ मालपोत कार्यालय डिल्लीबजार, दोलखा, बारा र मो रङका अधिकृतहरूसँग गरिएको कुराकानीअनुसार
१७ कृषि गणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग

आउने भएकाले यो स्थायी प्रबन्ध हैन। त्यसैले यसलाई नीतिगतरूपमै व्यवस्था नगरुन्जेल यही व्यवस्था पनि हट्न सक्ने सम्भावना सदाका लागि ज्युँदै रहन्छ।

यसरी समग्रमा हेर्दा ग्रामीण भन्दा सहरी महिलाको नाममा घर र जग्गा बढी छ। काठमाडौं र कास्की जिल्लामा ३० प्रतिशतभन्दा बढी घरधुरीमा महिलाको नाममा जग्गा छ। उता दार्चुला, बझाङ, हुम्ला र बाजुरा जस्ता ग्रामीण जिल्लामा महिलाको नाममा जग्गा हुने घरधुरी २ प्रतिशतमात्र छ।[१८] त्यसैले अहिले महिलाको स्वामित्वमा जग्गा बढ्ने क्रमले खुसी तुल्याए पनि यो क्रमलाई महिला किसानसँग जोड्न सकिएन भने फेरि पनि सरकारी सहुलियत र कानुनको फाइदा लिनेमा टाठाबाठामात्र पर्ने निश्चित छ। महिला किसान भने फेरि पनि जस्ताको तस्तै।

### हो, अहिलेसम्म विचार नपुगेकै हो

राष्ट्रिय योजना आयोगले योजनाहरू बनाउँदा लैङ्गिक अवधारणा समावेश गरे पनि महिला किसानको दृष्टिबाट विचार नपुगेकै हो। यो साह्रै महत्वपूर्ण र गर्नैपर्ने काम हो जुन हामीलाई पनि महसुस भएको छ। त्यसैले अब बन्दै गरेका तथा बन्ने योजनामा भने हामी महिला किसानका विषय पक्कै समावेश गर्छौं।

**डा. रवीन्द्रकुमार शाक्य**
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग

## अबको बाटो

कृषि तथा सहकारी मन्त्रालयले महिलाको विषयगत समूह गठन गर्ने र सिप दक्षता बढाउन र कृषि विकासका प्रविधि सिधै उनीहरूका हातमा हस्तान्तरण गर्न विभिन्न तालिम दिने गरेको छ। विश्व खाद्य दिवस जस्ता अवसरमा पुरस्कार दिने र महिला कृषकलाई भ्रमण गराउने काम पनि गर्दै आएको छ। यसरी महिलालाई कृषिसम्बन्धी विभिन्न जानकारी दिनु प्रभावकारी पनि देखिएको छ। एक अध्ययनअनुसार कृषि प्रसारका विभिन्न माध्यमबाट सिकेका प्रविधिलाई पुरुषले ५० प्रतिशतसम्म मात्र उपयोग गर्छन् जबकि महिलाले भने ७५ प्रतिशतसम्म उपयोग गर्छन्।[१९] त्यसैले

१८ नेपालमा भुमि सुधार, सुरुवात र गन्तव्य, भुमि सुधारको यथार्थता र भावी सम्भावनाबारे डिएफआइडी नेपालका लागि गरिएको अध्ययन, मार्च २०११

१९ महिला कृषक विकास कार्यक्रमको प्रगति, महिला कृषक विकास महाशाखा, कृषि तथा सहकारी मन्त्रालय, २०५८

यस्ता कार्यक्रममा महिला किसानलाई व्यापकरूपमा सहभागी गराउनु आवश्यक छ।

सरकारले विभिन्न विकास क्षेत्रमा लैङ्गिक अवधारणा विषयक गोष्ठीहरू आयोजना गर्दै आएको छ। तर यस्ता गोष्ठीमा एकातिर सहभागीले रुचि कम देखाउँछन् भने अर्कोतर्फ लैङ्गिक भनिएकै कार्यक्रम पनि 'पुरुष लैङ्गी' मात्र हुने गरेको छ। जसलाई एउटा उदाहरणले पुष्टि गर्छ- कृषि तथा सहकारी मन्त्रालयले कृषि तथा पशु सेवा कार्यक्रमहरूमा लैङ्गिक अवधारणा समावेश गराई सोहीअनुसार कार्यक्रम कार्यान्वयन तथा प्रगति प्रतिवेदित गर्ने तौरतरिका सिकाउन सबै विकास क्षेत्रमा तालिम आयोजना गरेको थियो। कृषि मन्त्रालयका अनुसार २०५७ वैशाखदेखि असार १ गतेसम्म ठाउँठाउँमा आयोजित यो तालिममा जम्मा १०५ जनामात्र सहभागी भए जबकि कृषि र पशु सेवाका एक एक जना गरी ७५ जिल्लाका १५० जना सहभागी हुनुपर्थ्यो।

एकातिर लैङ्गिक शब्द जोडिएका कार्यक्रममा सहभागिता नै कम हुने प्रमाणित गर्छ यो सङ्ख्यात्मक उपस्थितिले भने अर्कोतिर अझ गजवको कुरा त यो कार्यक्रममा महिला सहभागिता जम्मा ३ जनाको रह्यो- मोरङ, भक्तपुर र नुवाकोटबाट मात्र। खासगरी योजनासँग सम्बन्धितहरूलाई बोलाइएको यो कार्यक्रममा यस्तो न्युन महिला उपस्थितिले योजना निर्माण क्षेत्रमा महिलाको उपस्थिति नगण्य रहेको प्रष्टिन्छ। त्यसैले खोलो सङ्ल्याउन मुहानै सुधार्नुपर्ने पाठ पनि यो कार्यक्रमले दिन्छ।

लैङ्गिक मूलप्रवाहीकरण नीतिका कारण कृषि कार्यमा केही सकारात्मक उपलब्धि हासिल भएका पनि छन् तर ती लक्षित कार्यक्रममा मात्र सीमित छन्। जस्तो- सिँचाइ नीतिले उपभोक्ता समितिमा २० प्रतिशत महिला हुनैपर्ने तोकेको छ तर थोरै महिलामात्र यसमा सहभागी हुन्छन्। जो निर्णय प्रक्रियामा पुरुषले आफूहरूलाई हतोत्साही गर्ने गरेको गुनासो गर्छन्।[२०] त्यसैले कार्यान्वयन पक्ष दरो नभइकन नीति र कार्यक्रमले मात्र गन्तव्य चुम्न सकिन्न भन्ने बिर्सन हुँदैन।

विश्व खाद्य तथा कृषि सङ्गठनको सहयोगमा खाद्य बाली उत्पादन, पशुजन्य उत्पादन र माछा उत्पादन जस्ता क्षेत्रमा सहयोग पुऱ्याउन ग्रामीण क्षेत्रका खासगरी महिला लक्षित समूहलाई आवश्यक सामग्री, साना मेसिनरी आदि उपलब्ध गराइएको थियो। तालिम, अनुगमन आदिमा पनि सहयोग गर्ने यो कार्यक्रम टेलिफुडको नामबाट चिनिन्थ्यो। जसअन्तर्गत भक्तपुरको गुन्डूमा खुर्सानी प्रशोधन, नवलपरासीको प्रसौनीमा मेवा प्रशोधन र रामग्राम नपाको मञ्जरियामा माछा सुकाउने अनि दाङको लोहारपानीमा अदुवा प्रशोधनका लागि सहयोग उपलब्ध गराइएको थियो। यी सबै कृषक समूहलाई हस्तान्तरण गरिसकिएको छ। स्थानीय स्तरका उत्पादन वृद्धि गराउन यस्ता प्रोत्साहनमूलक कार्यक्रमले भरथेग पुऱ्याउँछन्।

२० Sunil N Lohani, Shreedhar Gyawali, Agriculture and Environment, women farmers development division, ministry of Agriculture and coopratives, 2003

## महिला किसानको दृष्टिबाट हेरिएन

राष्ट्रिय कृषि गणना गर्दा केही प्रश्न महिलासँग सम्बन्धित भए पनि महिला किसानका दृष्टिबाट हेरिएन। यो हिसावले प्रश्न नै तयार गरिएन। महिलाको स्वामित्वमा कति छ भन्नेमात्र हेरियो। अहिलेसम्म हामीले महिला किसानका हिसावले कुनै अध्ययन गरेका छैनौं र तत्काललाई गर्ने योजनासमेत छैन।

**अम्बिका बस्याल**
निर्देशक
कृषि शाखा, केन्द्रीय तथ्याङ्क विभाग

महिला आफूले उत्पादन गरेको सामग्री आफैँ बजार खोज्ने र त्यसबाट आयआर्जन गर्ने अवस्थामा उक्लने प्रवृत्ति पनि बढ्दो छ। काठमाडौंका मुख्य ५ तरकारी बजारमा गरिएको एक सर्वेक्षणअनुसार बिक्रेतामध्ये ७७.८ प्रतिशत महिला पाइएका थिए। जसमध्ये ८४ प्रतिशत महिला आफैँले उत्पादन गरेका तरकारी बिक्रीका लागि आएका थिए। ८८ प्रतिशतले डोकोमा १ देखि २ घण्टाको बाटोबाट बोकेर ल्याएका थिए भने २४ प्रतिशत महिलाले यस्तो कार्यमा घरायसी सहयोग नपाउने उल्लेख गरेका थिए।[२१]

यसबाट थाहा हुन्छ कि महिला आफ्नो र परिवारको भरणपोषणका लागि जस्तोसुकै जोखिम मोल्न तयार छन्। मेहनत गर्न तयार छन्। पछि हट्नेवाला छैनन्। तर यसका लागि वातावरण बनाइदिने काम भने भएको छैन। गाडीले आफ्नो डोको नहाल्ने, प्रहरीले दुःख दिने, बेच्ने ठाउँमा दिशापिशाव गर्ने व्यवस्था नहुने जस्ता समस्याले पनि आफूहरू सताइएको उनीहरूको गुनासो छ।

अझ रमाइलो कुरा त अध्ययनले बताएको छ कि जसले तरकारी उखेल्ने, टिप्ने, मुठा पार्ने जस्ता काममा सहयोग पाउँछन् तीमध्ये आफूलाई महिला (सासू, बुहारी, छोरी) ले नै सघाउने गरेका छन्। यसबाट थाहा हुन्छ कि महिलामैत्री कृषि प्याकेज आवश्यक छ जसले गर्छु भन्ने महिलालाई सहयोग गरोस्। यो अध्ययनको अर्को रोचक पक्ष यो छ कि तरकारी बेच्ने २८ प्रतिशत महिला किसानले फोहोर घरमै फर्काउँछन् र मल बनाउन प्रयोग गर्छन्। महिलाको यस्तो कामको कदर कतैबाट भएको छ ?

सरकारीतवरबाट जतिसुकै नीति र कार्यक्रम ल्याइए पनि त्यसको व्यावहारिक पक्षचाहिँ निकै कमजोर पाइन्छ। जस्तो- एउटा अध्ययनअनुसार २४ वटा कृषक समूहमध्ये घाँस खेती गर्नेमा ४८.२ प्रतिशत महिला संलग्न पाइयो तर दूध उत्पादक समूहमा भने महिला विशेष समूह ७.५ प्रतिशतमात्र देखिए। त्यसैगरी पशुपालनमा महिलाको योगदान ७० प्रतिशत रहेको पाइन्छ भने

२१ काठमाडौं महानगरपालिकाका ब्यस्त क्षेत्रहरूमा तरकारीको खुद्रा व्यापारमा संलग्न महिला व्यवसायीसम्बन्धी अध्ययन, महिला कृषक महाशाखा, कृषि तथा सहकारी मन्त्रालय, असार २०५९

समूहमा आबद्ध भई पशुपालनका प्रविधि एवम् अन्य अवसर प्राप्त गर्नेमा भने महिलाको प्रतिशत २९.९ मात्र रह्यो ।[२२]

यतिमात्र पनि हैन, २८ वटा दूध उत्पादक किसान समूह (महिला-पुरुषको मिश्रित) मध्ये एक जनामा मात्र महिला अध्यक्ष पाइयो भने उपाध्यक्ष, सचिव, कोषाध्यक्ष जस्ता पदमा एक जना पनि महिला भएका पाइएनन् । त्यसैगरी ६ वटा पशुआहार विकास समूहमध्ये अध्यक्षमा एक जना पनि महिला छैनन् भने उपाध्यक्षमा बल्लतल्ल एक जना भेटिए । जबकि दुनियालाई थाहा छ, पशुका आहारा घाँस, पराल, दाना आदि तयारीमा प्रायः महिलाकै सहभागिता हुन्छ । यस्तो अवस्थामा सुधार नआउन्जेल न सरकारीतवरबाट गठित समूहको अर्थ रहन्छ न त यस्ता समूहले महिला किसानकै क्षमता र पहिचान स्थापित गर्न सघाउँछन् ।

सरकारले खासगरी कृषकलाई समूह बनाएर त्यसैमार्फत् सहयोग गर्ने नीति लिएको छ । यसरी समूह बनाउँदा महिलाको मात्र, पुरुषको मात्र र दुवै मिश्रित गरी तीनथरी बनाइने गरिएको छ । मन्त्रालयले यस्ता समूहको अनुगमन गर्ने क्रममा सबैभन्दा बढी प्रभावी महिलामात्रको समूह पाएको र दोस्रोमा मिश्रित समूहको पाइएको थियो । त्यसैले पुरुषमात्र सम्मिलित समूहलाई मिश्रित समूहमा रूपान्तरण गर्नेबारे पनि सुझाव धेरै आएका छन् ।[२३]

सरकार समूह त बनाउँछ तर यस्तो समूहमा निर्णायक तहमा महिला हुनैपर्ने नियम भने कहीँ पनि उल्लेख छैन । जस्तो- सामुदायिक वन उपभोक्ता समूहमा अध्यक्ष वा सचिवमध्ये एक जना महिला हुनैपर्ने नियम छ । त्यसैगरी विद्यालय, खानेपानी, स्वास्थ्य चौकी आदि व्यवस्थापन समितिमा समेत यति जना महिला हुनैपर्ने भन्ने किटान छ । कृषि समूहमा सङ्गठित भए पनि निर्णय तहमा महिला किसानको भूमिका खासै देखिन्न । त्यसैले समूहहरूमा नेतृत्व तहमा महिलाको सङ्ख्या किटान नै गर्नुपर्दैन र ?

जनसङ्ख्याको चापसँगै खाद्यान्न आपूर्ति गर्न जस्ता प्रविधि अपनाइएको छ त्यसले भू, वायु, जल, ध्वनि प्रदूषण निम्त्याउने गरेको छ । प्रशोधन मेसिन, ट्रेक्टर, गाडी आदिबाट निस्कने धुवाँ, धुलो, सल्फर डाइअक्साइड, कार्बन डाइअक्साइड, कार्बन मनोअक्साइडका मात्राले वातावरण प्रभावित पार्छ । अनि ओजन तह पातलिन पुग्छ । यसबाट विभिन्न रोग लाग्छन्- श्वास/प्रश्वास, गर्भ पतन, रक्त अल्पता, दिमागको समस्या आदि ।[२४] सधैँजसो कृषि कार्यमा व्यस्त हुने भएकाले यस्ता रोगले

२२ दुध तथा दुग्धजन्य व्यवसायमा महिला उद्यमी कृषकहरूको सहभागिताको वस्तुस्थिति अध्ययन, लैङ्गिक समता शाखा, कृषि तथा सहकारी मन्त्रालय, असार २०६२

२३ कृषि मन्त्रालयअन्तर्गतको लैङ्गिक समता तथा समावेशीकरण शाखाका प्रमुख पर्शुराम अधिकारीसँग २०७० चैत १७ गते मन्त्रालयमा भएको कुराकानीमा आधारित

२४ रमेशकुमार मिश्र, हरिकुमार श्रेष्ठ, Agriculture and Environment, women farmers development division, ministry of Agriculture and coopratives, 2003

सबैभन्दा बढी महिलालाई नै सताउने गर्छ। अझ गर्भ पतन जस्ता विशेष समस्याबाट महिला नै सताइने गर्छन् ।

एउटा अध्ययनमा समेटिएका महिलामध्ये ७६ प्रतिशतले आफूहरू पाठेघरको समस्याबाट पीडित भएको र त्यस्ता समस्या खासगरी गह्रौ गरी दाउरा, पानी, अन्न आदि बोक्दा देखिएको उल्लेख गरेका छन् ।[२५] कामको बोझका कारण यसरी पाठेघरसँग सम्बन्धित समस्या दिनानुदिन वृद्धि भइरहेको छ। अनि कृषिमा बढ्दो संलग्नतासँगै बोझ थपिने क्रम पनि जारी छ। त्यसैले महिला किसानको स्वास्थ्यलाई ध्यान केन्द्रित गरी कार्यक्रमहरू सञ्चालन गर्न ढिलाई भइसकेको छ ।

"DanidaHUGOU strictly sticks to the principle of all rights for all and gender equality and social inclusion in any support it provides in the area of human rights and justice. Central to the support is to build capacity of the target group so that they are able to engange constructively with authorities, demand and realize their rights within the frame of international human rights standards and national legislation and policy. This applies to the case of female farmers as with other marginalized groups and communities in Nepal. For example we have supported Nepali organizations that have assisted landless men and women to become landowners: the most important resource to become successful farmers"

Niels Hjortdal

Programme Coordinator

DanidaHUGOU

## जलवायु परिवर्तनको प्रभाव

जलवायु परिवर्तनका कारण कृषि क्षेत्र प्रभावित छ। बेलामा पानी नपर्ने, पछिसम्म हिउँ पर्ने, खडेरीले सताउने जस्ता कार्यले बालीमा दाना नलाग्ने, चाँडै पाक्ने, बिरुवा नसर्ने, पानीका मुहान सुक्ने, रोगव्याधिले सताउने जस्ता कार्य भइरहेका छन् । कृषिमा महिला सहभागिता वृद्धि भइरहेका बेला यस्ता कार्यबाट महिला कृषक बढी प्रभावित हुनु स्वाभाविक हो। जलवायु परिवर्तन नीति २०६७ का अनुसार विश्व जनसङ्ख्याको करिब ०.४ प्रतिशत मानिस बसोबास गर्ने नेपालले विश्वको कुल हरित गृह ग्यासको करिब ०.०२५ प्रतिशतमात्र उत्सर्जन गर्छ । तापनि वायुमण्डलीय तापक्रम वृद्धिका कारण नेपाल प्रभावित हुँदै गएको छ । यहाँ वार्षिक वर्षा चक्रमा हेरफेर, लामो समयसम्म खडेरी पर्ने तथा तीव्र वर्षा हुने गरेको छ । हाल दिन र रात दुवै पहिलेको

२५ Uterine Prolapse amongst Nepali Women and Responsibility of the State, Women's Reproductive Rights Program®CAED

भन्दा ताता भइरहेका छन् अर्थात् ठण्डा दिन र रातको सङ्ख्या कम हुँदै गएको छ। जसको असर सोझै कृषि क्षेत्रमा पनि परिरहेको छ।

## चिन्तनमै समस्या छ

पुरुष गाउँमा नबस्नाले खेतीपाती सबै महिलाको काँधमा छ तर कृषि प्रविधिचाहिँ पुरुषमैत्री छ। यसलाई महिलामैत्री कसरी बनाउने भन्ने चिन्तन नै कहीँ भेटिन्न। अर्कोतर्फ कृषि जीविकोपार्जनमुखी छ जसमा पूरै महिला संलग्न हुन्छन् तर निर्णय भने पुरुषले गर्छन्। यसले पनि दूरी बढाएको छ। उत्पादनका साधनसँगै स्वामित्व पनि जोडिएर आउँछ। तर केही समयअघि बनाइएको कृषि विकास रणनीतिले त झन् यसबारे छोएकोसम्म छैन। त्यसैले यो कृषिको रणनीति नै हैन किनकि यसले सबै आयाम छोएकै छैन। यसमा राहत र र सहुलियतका टर्म त छन् तर महिला किसानका समस्या र समाधानबारे चूपचाप छ। त्यसैले हाम्रोमा समस्या चिन्तनमै छ।

**डा. कृष्ण पौडेल**
कृषिविद्

यो नीतिले जलवायु परिवर्तनबाट जोखिममा रहेका हिमाल, पहाड, चुरे र तराई क्षेत्र, प्राकृतिक सम्पदा तथा जीविकोपार्जनमा परेको प्रतिकूल प्रभाव कम गराउन वि.सं. २०७७ भित्र भरपर्दो प्रभाव पूर्वानुमान प्रणाली विकास गर्ने लक्ष्य लिएको छ। त्यसैगरी जलवायु परिवर्तनसम्बन्धी कार्यमा गरिब, दलित, सीमान्तकृत, जनजाति, आदिबासी, महिला, बालबालिका तथा युवाको सहभागिता सुनिश्चित गरी जलवायु अनुकूलनसम्बन्धी कार्यहरू कार्यान्वयन गर्ने पनि उल्लेख छ। यसबाहेक जलवायु परिवर्तनका कारण खाद्यान्न, प्रजाति, पर्यावरणीय प्रणाली तथा स्वास्थ्यमा पर्ने सम्भावित खतराहरूबाट बच्न प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने/गराउने तथा कृषि तथा डुबान (थोरै र बढी पानी) को भार सहन सक्ने कृषि प्रजातिको पहिचान तथा विकास गरी प्रयोगमा ल्याउने पनि उल्लेख छ। तर जलवायु नीतिले पनि महिला कृषकलाई प्रत्यक्ष किटान गरी कुनै लक्ष्य, कार्यक्रम तथा रणनीति उल्लेख गरेको भने छैन।

यसरी हेर्दा महिलाकेन्द्रित नीति र प्रविधिको आवश्यकता त खट्किन्छ नै साथै कृषि तथा पशुसँग सम्बन्धित अड्डाहरूले महिला किसानमैत्री संरचना तयार गर्नु आवश्यक छ। जस्तो- कुनै महिला किसानले आफ्ना समस्या एउटी महिला जेटिएसँग जसरी खुलस्त र सहजतवरले राख्न सक्छिन्, पुरुषसँग गाह्रो पर्छ। नीतिहरूलाई महिला किसानमैत्री बनाउने क्रममा देख्दा सामान्य तर महत्वपूर्ण यस्ता पक्षतर्फ पनि ध्यान दिनु जरुरी छ।

कामको बोझ र यसले निम्त्याउने समस्या जलवायु परिवर्तनका कारण सबैभन्दा जोखिम बढी भएको जिल्लामध्ये पर्ने दैलेखको एउटा तथ्याङ्कले पनि पुष्टि गर्छ। राष्ट्रिय जनगणना २०६८

We have currently three on going projects HIMALI, Raising incomes of small and medium farmers project (RISMFP) and Community Irrigation Project (CIP) which has specific targets set for female farmers for their involvement in farmer user committees (40-70%), cooperatives (40-60%), and in executive committees (33-40%) with at least in one key positions (chair, vice-chair, treasurer). Female headed households have been given high priority, (33-50%) female farmers participation in consultations,  targets have also been set for women owned small agribusinesses, and semi-commercial entities, there are also targets set (30-40%) for leadership development trainings, skill development in High value crops (60%) for women farmers, agro-based entrepreneurship training and access to extension services provided by the project to women (80%).

Jaya Sharma
Gender and Development Consultant
Asian Development Bank
Kathmandu

अनुसार यो जिल्लाबाट समुन्द्रपार जानेमा ९६९७ जना छन् भने भारत जाने अझै धेरै भएको अनुमान छ। त्यसैले यहाँका महिलामा कृषि कार्यको बोझ धेरै हुनु स्वाभाविकै हो। यही जिल्लामा मानसिक असन्तुलन भएका २४८ मध्ये ११३ जना महिला छन्। त्यसैगरी आँखाको समस्या भएका १४४१ मध्ये महिला पुरुषभन्दा बढी अर्थात् ७२५ जना छन्। यो अवस्थालाई 'चितुवा कराउनु र बाख्रा हराउनु' को संयोगमात्र मान्न सकिन्न। अर्थात् क्रमशः महिला किसानको जीवन कष्टकर बन्दै गएको छ।

## सँगै अवसर पनि

चाहेर होस् वा नचाहेरै पनि मुलुकको मुख्य अर्थतन्त्र धान्ने कृषि क्षेत्रमा महिलाको सहभागिता क्रमशः वृद्धि भइरहेको छ। यो सहभागिता नेतृत्व र निर्णायक तहमा समेत रूपान्तरण हुँदै जाने प्रवृत्ति निश्चय पनि खुसीको विषय हो। जहाँ जहाँ कृषिको सम्पूर्ण अभिभारा महिलाको काँधमा आइपुगेको छ, ती महिला कृषि कार्यमा पुरुषको सहयोगीको भूमिकाबाट आफैँ मुख्य कर्ता हुन थालेका छन्। पहिले कृषि मजदूरका रूपमा रहेकाहरू अहिले 'मालिक' बन्ने क्रममा देखिएका छन्। जे होस्, सधैँ अरूको खटनपटनमा चल्ने महिला अहिले कृषि क्षेत्रमा क्रमशः हालिमुहाली चलाउने अवस्थामा पुग्दैछन्। यो पुरुषसँग मिलेर गर्दै आएको खेतीपाती एक्लै आफ्नो जिम्मेवारीमा

आइलाग्नुको चुनौतीसँगै भित्रिएको अवसर पनि हो। तर नेतृत्वमा पुगेका र पुग्न बाँकी सबैका लागि यो अवसरबाट अधिकतम् फाइदा लिन सक्ने वातावरण निर्माणमा ध्यान दिन जरुरी छ।

यो अवसर यतिमा सीमित छैन। यसले महिलालाई अगुवा बनाएको छ। पहिले पुरुषले सहभागिता जनाउँदै आएका कृषि बैठक, तालिम तथा गोष्ठीहरूमा मुख्य कृषकका हिसाबले सहभागिता जनाउने अवस्थाले उनीहरूको क्षमता विकासमा सघाएको छ। घरबाहिरको काममा पनि विस्तार संलग्नता वृद्धि हुँदै गएको छ। बजारसँगको सम्बन्ध समधुर भएको छ। काम गर्ने क्रममा आइपर्ने जोखिमहरू न्युनीकरण गर्न जागरुक बनाएको छ। यो सबै अवस्थाले गाउँ समाजमा महिलालाई हेर्ने नजर फेरिएको छ। अर्थात् महिला कृषकका रूपमा स्थापित हुने क्रम बढ्दो छ।

## समग्रमा

महिला किसानको अहिलेको सबैभन्दा ठूलो समस्या पहिचानको हो। जबसम्म उनीहरू आफ्नो पहिचान बनाउन सफल हुन्नन् तबसम्म न उनीहरूको कामको मूल्याङ्कन हुन्छ न त स्वामित्व प्राप्तिमै उपलब्धि। त्यसैले यसका लागि उत्पादनको साधन भूमिमाथिको स्वामित्व प्राप्तिले महिला किसानलाई स्थापित गराउन सघाउँछ। किनकि नेपाली समाजमा सम्पत्ति भनेकै भूमि हो। त्यसैले जोसँग भूमि छ, उही ठूलो हो। सबै प्रकारका सामाजिक सम्बन्धहरूको आधार पनि सम्पत्तिसँग जोडिएको छ। धारा, बिजुली, नागरिकता जस्ता आधारभूत आवश्यकतालाई पनि जग्गाधनी पुर्जासँग जोडिएको छ। जोसँग जग्गाधनी पुर्जा छैन, उसले यी सुविधा पाउन कठिन हुन्छ। जस्तो- जग्गाधनी पुर्जा नहुने महिला सामुदायिक वन उपभोक्ता समूहमा समेत सङ्गठित हुन नपाउने नियम छ। के यस्ता विवादास्पद परिपाटी फेरबदल गर्नुपर्दैन ? त्यसैले महिला किसानको पहिचान स्थापित गराउनु भनेको यही कारण उनीहरूलाई पहिलो दर्जाको नागरिकमा रूपान्तरण गर्नु पनि हो।

बजारसँग नजोडिएको पहुँचले महिला किसानको सशक्तीकरणमा सघाउँदैन। चाहेका बेला बेचबिखन गर्न सक्ने, ब्याङ्कमा धितो राख्न सक्ने कस्तो बीउ प्रयोग गर्ने, उत्पादन कहाँ लगेर कतिमा बेच्ने, त्यसको आम्दानी कहाँ, केमा र कसरी अनि कहिले खर्च गर्ने जस्ता पक्षमा अधिकार नहोउन्जेल वास्तविक अधिकार प्राप्त हुँदैन। यसको अर्थ महिला किसानको बजारसँग प्रभावकारी सम्बन्ध हुनैपर्छ। के यसबारे सरकारी/गैरसरकारी स्तरबाट पर्याप्त पहलकदमी भएको छ त ? घोत्लिनु आवश्यक छ। यसैगरी जलवायु परिवर्तनको प्रतिकूल प्रभावले प्रत्येक वर्ष कृषि प्रणालीलाई ठूलो असर पारिरहेको छ। यसबाट पनि महिला किसान बढी प्रताडित छन्।

कृषिमैत्री प्रविधि र तौरतरिकामा पहुँच महिला किसानका लागि अर्को अत्यावश्यक पक्ष हो। यसो भएमात्र बीउ, मल, सिँचाइ, कृषि औजार जस्ता पक्षमा सहुलियत र सहजता खोज्नु र पाउनुको अर्थ रहन्छ। आफूले कृषि कार्यका लागि प्रयोग गर्ने औजार कस्तो बनाउने र कहाँबाट ल्याउने भन्ने अधिकार स्वतः प्राप्त हुन्छ। कसैसँग निहुरिनुपर्दैन। खानपान र शैक्षिक अवस्थामा सुधार

आउँछ। जसले कुपोषण जस्ता समस्याबाट सुरक्षित राख्न सघाउँछ। किनकि दूध उत्पादनमा संलग्न महिला किसानका २८ समूहमध्ये २० वटाले दूधको आम्दानी प्रयोग गर्नाले खानपानमा सुधार आएको बताएका थिए।[२६]

नीतिमा फराकिलो विषय समावेश गरिन्छ 'महिला किसानको विकास गर्ने' भनेर। जस्तो- त्रिवर्षीय योजनाको कृषि तथा खाद्य सुरक्षा शीर्षकको समस्या तथा चुनौती उपशीर्षकमा जलवायु परिवर्तनका असर कम गर्ने, सिँचाइ सुविधा सर्वसुलभ बनाउने, सीमान्त भूमिमा कृषिका लागि चाप घटाउने, सिमान्तकृत, गरिब, महिला, जनजाति, दलित, मधेसी, मुस्लिम र दुर्गम क्षेत्रका कृषकहरूको कृषि तथा पशु सेवा कार्यक्रममा पहुँच वृद्धि गर्ने जस्ता चुनौती छन् भनिएको छ।

त्यसैगरी कार्यनीति उपशीर्षकमा कृषि अनुसन्धानका विषयहरूको छनौट, कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी निर्णय प्रक्रियामा विपन्न तथा महिला कृषकहरूको पहुँच सुनिश्चित गरिनेछ उल्लेख छ। यसरी नै कृषि सूचना तथा सञ्चार एवम् प्रसार र तालिम उपशीर्षकअन्तर्गत विपन्न वर्ग, महिला, दलित, आदिबासी, जनजाति, मधेसी, मुस्लिम तथा अवसरविहीन समुदायमा आयआर्जनका कार्यक्रम सञ्चालनका क्रममा सामाजिक परिचालनका क्रियाकलापमा स्थानीय सहकारी, गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। उता खाद्य सुरक्षा शीर्षकअन्तर्गत कार्यनीति उपशीर्षकमा गरिब तथा खाद्य सुरक्षाका दृष्टिकोणबाट जोखिममा रहेका महिला तथा बालबालिकाहरूको समूह गठन गरी विशेष खाना कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।[२७]

तेह्रौं योजनाले पनि ग्रामीण तहमा गरिबीको मारमा परेका महिलाका आर्थिक तथा सामाजिक समुन्नतिका लागि लगानी बढ्न सकेको छैन भन्ने स्वीकार गर्दै यसलाई चुनौतीका रूपमा उल्लेख गरेको छ। तर कार्यक्रम भने चूप रहे। आर्थिक वर्ष २०७०/०७१ को बजेटले कृषिको रूपान्तरण शीर्षकमा २५ वटा बुँदा समावेश गरेको छ।[२८] तर ६४ पृष्ठको बजेट वक्तव्यमा कहीँ पनि 'महिला किसान' को नामोनिसान भेटिँदैन। पञ्चवर्षीय योजनाहरूले लिने नीतिलाई यस्ता वार्षिक कार्यक्रमले कहाँनेर छोयो भन्नेबारे समीक्षा जरुरी छैन ?

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ ले जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति जन्म वा अन्य हैसियतका आधारमा कुनै भेदभाव गर्न नहुने धारा- १०(२) मा उल्लेख गरेको छ। त्यसैगरी अन्तरिम संविधान २०६३ ले पनि असमान भूमि व्यवस्थाका कारण सिर्जित समस्या कम गर्न देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय एवम्

२६ दुध तथा दुग्धजन्य व्यवसायमा महिला उद्यमी कृषकहरूको सहभागिताको वस्तुस्थिति अध्ययन, लैङ्गिक समता शाखा, कृषि तथा सहकारी मन्त्रालय, असार २०६२

२७ त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०), राष्ट्रिय योजना आयोग

२८ आर्थिक वर्ष २०७०/७१ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य, अर्थ मन्त्रालय २०७०

लैङ्गिक समस्याहरू समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने उल्लेख गरेको छ। यसरी हेर्दा राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यवस्था महिला किसानको पहिचान कायम गराउन काफी छन्, मात्र तिनीहरूको प्रभावकारी कार्यान्वयनका लागि दबाब पुग्न सकेको छैन। यसरी दबाब दिने मामलामा हामी कमजोर भएका त हैनौँ ? प्रश्न सोचनीय छ।

कुनै पनि योजना जिल्ला विकास परिषद्द्वारा पास भएपछि मात्र परिपक्व हुने सरकारी नियम छ। यसरी योजना तर्जुमा हुनुअघि कृषि मन्त्रालय/विभाग आदिबाट जाने पदाधिकारीले योजनामा समावेश हुनुपर्ने लैङ्गिक पक्षबारे अवगत गराउने चलन पनि छ। तर योजना तयार भइसकेपछि भने जिल्ला परिषद्मा लगेर त्यत्तिकै पास हुन्छ। यसरी योजना बनाउनुअघि दिइएको निर्देशन पालना भए/नभएको हेर्ने परम्परा छैन। यस्तो अवस्थामा एक त निर्देशन पालना भयो कि भएन भन्ने थाहा नै हुन्न अर्कोतर्फ पालना नभएकै भए पनि परिषद्बाट पास भइसकेकाले त्यसलाई फेरबदल गर्ने सम्भावना रहन्न। त्यसैले फेरि पनि समस्या फितलो अनुगमन र गतिलो बलमिच्याइमै अड्किएको देखिन्छ। जसको प्रत्यक्ष मार भने महिला किसानलाई नै परिरहेको छ।

अन्त्यमा,

त्यसैले नेपालको सन्दर्भमा दिनरात भूमिमै खटिने र आफू र परिवारलाई खुवाई दुनियाँलाई समेत भोजन गराउने तिनै महिलाको योगदान कदर गरिनै पर्छ। मतलव कृषिमा महिलाको अनिवार्यता स्वीकार गर्दै 'महिला किसान' को पहिचान स्थापित गर्न चौतर्फी प्रक्रिया सुरु गरिहाल्नुपर्छ। यसका लागि आफूले चलन गर्ने जग्गाको स्वामित्व, नीति निर्माण तथा निर्णय गर्न सक्ने स्तरको नेतृत्व, कृषि प्रविधि र औजारमा पहुँच तथा आफ्नो उत्पादनमाथि न्याय हुनेखालको बजारमा महिलाको व्यापक सहभागितामा जोड दिनैपर्छ। महिला किसानलाई उत्साहित नबनाउने हो भने कृषि नै मेरुदण्ड भएको नेपाली अर्थतन्त्रको हालत के होला ? समय घर्केपछि हुने पश्चातापको कुनै अर्थ हुन्न।

खाद्यका लागि कृषि अभियान

GROW
FOOD. LIFE. PLANET.

OXFAM

**स्वच्छ उर्जा नेपाल**
१४० बुलबुले मार्ग, थापागाउँ, बानेश्वर
पो.ब.नं. २४५८१, काठमाडौं, नेपाल
फोनः ०१-४४६४९८१, ०१-६९१५६४९
इमेलः info@cen.org.np
Website: http://www.cen.org.np